जि.प्रशा.का.दर्ता नं. १ ०१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक
राष्ट्रिय दैनिक Samvahak National Daily




वर्ष : ३ अंक : २१५ २०८२ साल फागुन १७ गते, आईतबार Sunday, Mar.– 01 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## करैयामाई गाउँपालिकामा रामकिशोर प्रसाद यादवको घरदैलो अभियान प्रभावशाली, जनलहर बढ्दो

***संवाहक सम्वादाता-१६फागुन, कलैया***

बारा निर्वाचन क्षेत्र नं. २ अन्तर्गत करैयामाई गाउँपालिकाको छातामय क्षेत्रमा आज सम्पन्न घरदैलो कार्यक्रम उत्साहजनक जनसहभागिताका साथ सम्पन्न भएको छ। प्रतिनिधिसभा सदस्य उम्मेदवार रामकिशोर प्रसाद यादवलाई स्थानीय बासिन्दाले भव्य स्वागत गर्दै खुला रूपमा समर्थन जनाएका छन्।



घरदैलो अभियानका क्रममा उम्मेदवार यादव गाउँपालिकाका विभिन्न टोल-बस्तीमा पुगेर घरघरमै जनतासँग भेटघाट तथा अन्तरक्रिया गर्नुभएको थियो। स्थानीय बासिन्दासँग प्रत्यक्ष संवाद गर्दै उहाँले क्षेत्रका विकास निर्माण, शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, कृषि आधुनिकीकरण तथा पूर्वाधार विस्तारका विषयमा आफ्ना योजना प्रस्तुत गर्नुभएको थियो। साथै उहाँले जनताको समस्या, सुझाव र अपेक्षालाई प्राथमिकताका साथ टिपोट गर्दै निर्वाचित भएपछि जनतासँग गरेको प्रतिबद्धता पूरा गर्ने विश्वास दिलाउनुभयो।

अभियानमा स्थानीय महिला, युवा, ज्येष्ठ नागरिक, किसान तथा विभिन्न सामाजिक संघ-संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कतिपय स्थानमा स्थानीयहरूले फूलमाला, अबिर तथा स्वागत मन्तव्यमार्फत उम्मेदवार यादवलाई सम्मान व्यक्त गरेका थिए। युवाहरूको सक्रिय उपस्थितिले चुनावी माहोल थप उत्साहित बनेको सहभागीहरूले बताएका छन्।

स्थानीय बासिन्दाहरूले मधेशको हक-अधिकार संरक्षण, पहिचानको सम्मान, समावेशी विकास तथा सुशासन स्थापनाका लागि सक्षम नेतृत्व आवश्यक रहेको भन्दै यादवप्रति विश्वास व्यक्त गरेका छन्। उनीहरूले विगतदेखि उठाउँदै आएका विकासका मागहरू सम्बोधन गर्न सक्ने उम्मेदवारका रूपमा यादवलाई समर्थन गरेको बताएका छन्।

घरदैलो कार्यक्रमका क्रममा उम्मेदवार यादवले जनताको साथ, सहयोग र विश्वास नै आफ्नो मुख्य शक्ति भएको उल्लेख गर्दै निर्वाचन क्षेत्रको समग्र विकास, सामाजिक सद्भाव र आर्थिक समृद्धिका लागि आफू निरन्तर प्रतिबद्ध रहने धारणा राख्नुभयो।

जनस्तरमा देखिएको उत्साह, व्यापक सहभागिता तथा सकारात्मक प्रतिक्रियाले करैयामाई गाउँपालिकामा रामकिशोर प्रसाद यादवप्रति जनविश्वास क्रमशः सुदृढ बन्दै गएको स्थानीय राजनीतिक विश्लेषकहरूको भनाइ छ। अभियान आगामी दिनहरूमा क्षेत्रका अन्य वडाहरूमा समेत निरन्तर सञ्चालन गरिने चुनावी टोलीले जनाएको छ।

## एमालेका उम्मेदवार अच्युत मैनालीको घरदैलो अभियान तीव्र, अधुरा काम पूरा गर्ने अठोट

***संवाहक सम्वादाता-१६फागुन, कलैया***

बारा निर्वाचन क्षेत्र नं. १ मा नेपाली कांग्रेसका उम्मेदवार अच्युत मैनालीले घरदैलो अभियानलाई तीव्र बनाउँदै मतदातासँग प्रत्यक्ष भेटघाटलाई प्राथमिकता दिएका छन्। अभियानअन्तर्गत उहाँ कोल्हवी क्षेत्रमा मतदाताको घरघरमा पुगेर मत माग्दै स्थानीयसँग अन्तरक्रिया गरिरहनुभएको छ भने निजगढ नगरपालिकाका विभिन्न स्थानमा पनि प्रचार-प्रसार कार्यक्रम सञ्चालन भइरहेको छ।



घरदैलो अभियानका क्रममा मैनालीले विगतमा सुरु भएका तर अधुरा रहेका विकास योजनाहरू पूरा गर्ने अठोट व्यक्त गर्नुभएको छ। जनतासँग संवाद गर्दै उहाँले क्षेत्रको समग्र विकास, रोजगारी सिर्जना, पूर्वाधार विस्तार तथा सामाजिक सेवाको सुधारलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाउनुभयो।

पार्टी स्रोतका अनुसार नेपाली कांग्रेसभित्र देखिएको आन्तरिक गुटगत गतिविधि पछिल्लो समय समाधानतर्फ उन्मुख हुँदै पुनः एकताको वातावरण निर्माण भइरहेको दाबी गरिएको छ। चुनाव नजिकिँदै जाँदा पार्टी पंक्ति एकढिक्का भएर उम्मेदवारको पक्षमा सक्रिय बनेको बताइएको छ।

मैनालीले नेपाली कांग्रेसको मूल एजेन्डा "सुखी नेपाली, समृद्ध नेपाल" साकार पार्ने उद्देश्यसहित आफूले उम्मेदवारी दिएको उल्लेख गर्दै जनताले विकास र स्थायित्वका लागि आफूलाई विजयी गराउनेमा विश्वास व्यक्त गर्नुभएको छ। उहाँले जनताको साथ र समर्थनले चुनावी अभियान थप उत्साहित बनेको समेत बताउनुभयो।

घरदैलो कार्यक्रममा स्थानीय नेता-कार्यकर्ता, युवा तथा शुभेच्छुकहरूको सक्रिय सहभागिता रहेको थियो। चुनाव नजिकिँदै जाँदा क्षेत्र नं. १ मा चुनावी गतिविधि थप तीव्र बन्दै गएको देखिएको छ।

## रौतहट क्षेत्र नं. ४ मा राजकुमार दासको घरदैलो अभियान तीव्र, समुदायसहित व्यापक जनसमर्थन

***संवाहक सम्वादाता-१६फागुन, कलैया***

रौतहट निर्वाचन क्षेत्र नं. ४ अन्तर्गत विश्रामपुर क्षेत्रदेखि सुरु भएको प्रतिनिधि सभाका उम्मेदवार राजकुमार दासको घरदैलो अभियानले स्थानीय जनतामा उत्साह र सहभागिता बढाएको छ। उम्मेदवार दासले आज प्रत्येक घरको ढोकामा पुगेर आमाबुवा, दाजुभाइ-दिदीबहिनी, युवासँग प्रत्यक्ष भेटघाट गरी आफ्नो विकास र समावेशी नेतृत्वका योजनाहरू प्रस्तुत गर्नुभएको थियो।



कार्यक्रममा मुस्लिम, जन्जाती र स्वजातीय समुदायसहित सबै वर्गका नागरिकले उत्साहपूर्वक सहभागिता जनाएका थिए। सहभागीहरूले उम्मेदवार दासप्रति समर्थन व्यक्त गर्दै आगामी निर्वाचनमा आफ्नो मत सुनिश्चित गर्ने प्रतिवद्धता पनि देखाएका छन्। यस क्रममा प्रदेश सभा सदस्य अबुल कलाम आजाद (फूल बाबु) ले पनि आफ्नो क्षेत्रमा पूर्ण समर्थनका साथ कोण सभा तथा मतदाता भेला सञ्चालन गर्नुभएको थियो, जसले उम्मेदवार दासको अभियानलाई थप मजबुत बनाएको छ।

पार्टी स्रोतका अनुसार क्षेत्रको उत्तरी भोट केही तितरबितर भए पनि दक्षिणी बेल्टका मतहरू पूर्णरूपमा राजकुमार दासको पक्षमा जाने अनुमान गरिएको छ। यसले उम्मेदवारको जीत सुनिश्चित गर्ने विश्वास पार्टी भित्र र स्थानीय जनतामा बढाएको छ।

उम्मेदवार दासले जनतासँग संवाद गर्दै आगामी निर्वाचनमा परिवर्तन

बाँकी तेस्रो पृष्ठमा

## पूर्व मुख्यमन्त्री सोनलको नेतृत्वमा क्षेत्र नं. ४ मा जसपा नेपालको अभियान तीव्र

***संवाहक सम्वादाता-१६फागुन, कलैया***

बारा निर्वाचन क्षेत्र नं. ४ मा जनता समाजवादी पार्टी (जसपा) नेपालको चुनावी अभियान पूर्व मुख्यमन्त्री जितेन्द्र सोनलको नेतृत्वमा तीव्र बनाइएको छ। पार्टीलाई विजय गराउने लक्ष्यसहित सोनल स्वयं मैदानमा उत्रिएपछि क्षेत्रभर चुनावी गतिविधि थप सक्रिय बनेको बताइएको छ।



जसपा नेपालका प्रतिनिधिसभा सदस्य उम्मेदवार सञ्जु साहको पक्षमा जितपुर तथा आसपासका क्षेत्रमा घरदैलो अभियान सञ्चालन भइरहेको छ। अभियानमा पूर्व मुख्यमन्त्री सोनलले नेतृत्व गर्दै मतदातासँग प्रत्यक्ष भेटघाट, छलफल तथा जनसम्पर्क कार्यक्रमलाई निरन्तरता दिएका छन्। फेटा गाउँपालिका-१ का पूर्व वडाअध्यक्ष जयप्रकाश दासका अनुसार व्यापक जनसहभागितासहित प्रचार-प्रसार कार्यक्रम अगाडि बढिरहेको छ। स्थानीय तहमा मतदाताको उत्साहजनक सहभागिताले जसपा नेपालको माहोल सकारात्मक बन्दै गएको उनले बताए।

बाँकी तेस्रो पृष्ठमा

## होली शान्तिपूर्ण रूपमा मनाउन बारामा सुरक्षा सतर्कता, प्रहरीको विशेष आग्रह

***संवाहक सम्वादाता-१६फागुन, कलैया***

होली पर्व नजिकिँदै गर्दा जिल्ला प्रहरी कार्यालय बाराले पर्वलाई शान्तिपूर्ण, सुरक्षित र मर्यादित रूपमा मनाउन सर्वसाधारणसँग अपिल गरेको छ। बारा प्रहरी प्रमुख प्रहरी उपरिक्षक नरेन्द्र कुँवरले पर्वको उत्साहमा कानुनविपरीत तथा समाजमा असहजता पैदा गर्ने गतिविधि नगर्न प्रहरीले चेतावनी दिएका छन्। उनले भन्ने दशगाजा क्षेत्रमा खोलिएका मदिरा पसल र होटेलमा विशेष निगरानी गरिएको जानकारी गराए।




निर्वाचन अवधी भरि सुरक्षा निगरानी कडा पारिएको प्रहरी नायब उपरिक्षक विजयराज पंडितले जानकारी गराए। प्रहरीले होलीलाई आपसी सद्भाव, सहिष्णुता र सामाजिक एकताको प्रतीकका रूपमा मनाउन आग्रह गर्दै कसैको इच्छा विपरीत रङ्ग, लोला, मोबिल, केमिकल वा फोहोर पदार्थ प्रयोग नगर्न स्पष्ट निर्देशन दिएका छ। ध्वनि प्रदूषण हुने गरी चर्को साउन्ड सिस्टम बजाउने तथा सार्वजनिक

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय .......


## बारामा निर्वाचन सुरक्षा कडा : विश्वास र जिम्मेवारी दुवैको परीक्षा

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै बारामा सुरक्षा व्यवस्थालाई कडा बनाइएको समाचारले निर्वाचनप्रति राज्य संयन्त्रको गम्भीरता स्पष्ट देखाएको छ। लोकतन्त्रको सबैभन्दा महत्वपूर्ण अभ्यास मानिने निर्वाचनलाई सुरक्षित, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउनु राज्यको पहिलो दायित्व हो। यस सन्दर्भमा जिल्ला प्रहरी कार्यालय बाराले तयार पारेको विस्तृत सुरक्षा रणनीति सकारात्मक र आवश्यक कदमका रूपमा लिन सकिन्छ।

जिल्लाका ३०५ मतदान स्थलमध्ये १४५ स्थल अति संवेदनशील, १०८ संवेदनशील र ५२ स्थल सामान्य रूपमा वर्गीकरण गरिएको तथ्यले बाराको निर्वाचन सुरक्षा चुनौतीपूर्ण रहेको संकेत गर्दछ। भौगोलिक अवस्था, विगतका निर्वाचन अनुभव, सामाजिक परिवेश तथा पूर्वाधार अवस्थालाई आधार बनाएर गरिएको जोखिम विश्लेषणले सुरक्षा योजना केवल औपचारिक नभई तथ्यमा आधारित रहेको देखाउँछ। यसले सम्भावित जोखिमलाई समयमै नियन्त्रण गर्ने सम्भावना बढाएको छ। निर्वाचन सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाबीचको समन्वय अर्को महत्वपूर्ण पक्ष हो। मोबाइल गस्ती, क्यूआरटी टोली, सादा पोशाकका प्रहरी तथा अतिरिक्त जनशक्ति परिचालनले सुरक्षा उपस्थिति बलियो बनाउने अपेक्षा गरिएको छ। तर सुरक्षा केवल संख्यात्मक उपस्थितिले मात्र सुनिश्चित हुँदैन; यसको प्रभावकारिता निष्पक्ष व्यवहार, संयमता र कानुनी मर्यादाको पालना गर्नमा निर्भर रहन्छ। निर्वाचनका बेला सुरक्षा व्यवस्था कडा हुनु आवश्यक भए पनि मतदातामा भयको वातावरण सिर्जना हुनु हुँदैन। सुरक्षा निकायको भूमिका नागरिकलाई नियन्त्रण गर्ने होइन, उनीहरूलाई सुरक्षित अनुभूति गराउने हो। मतदाता निर्धक्क भएर मतदान केन्द्र पुग्न सक्ने वातावरण नै सफल सुरक्षा व्यवस्थाको वास्तविक मापदण्ड हो। यससँगै राजनीतिक दल, उम्मेदवार र समर्थकहरूको जिम्मेवारी पनि उत्तिकै महत्वपूर्ण हुन्छ। आचारसंहिताको पालन, उत्तेजनात्मक गतिविधिबाट टाढा रहनु र लोकतान्त्रिक संस्कारलाई सम्मान गर्नु नै शान्तिपूर्ण निर्वाचनको आधार हो। सुरक्षा निकाय मात्र सक्रिय भएर पर्याप्त हुँदैन; समाजका सबै पक्षको सहयोग आवश्यक हुन्छ। बारामा सुरक्षा तयारी अन्तिम चरणमा पुगेको भनिरहँदा अब मुख्य परीक्षा कार्यान्वयनको हो। योजनाहरू कागजमा सीमित नभई व्यवहारमा प्रभावकारी रूपमा लागू भए मात्र निर्वाचन शान्तिपूर्ण र विश्वसनीय बन्न सक्छ। सुरक्षा, पारदर्शिता र जनविश्वास – यी तीन आधार मजबुत भए बाराको निर्वाचन लोकतान्त्रिक अभ्यासको उदाहरण बन्न सक्छ। अन्ततः, कडा सुरक्षा व्यवस्थाको उद्देश्य नियन्त्रण होइन, विश्वास निर्माण हो। यदि मतदाता स्वतन्त्र रूपमा मतदान गर्न सक्षम भए भने मात्र लोकतन्त्र सुदृढ हुन्छ, र यही नै यस निर्वाचनको वास्तविक सफलता हुनेछ।

# नेपालको अन्तर्राष्ट्रिय छवि

कुनै पनि देशको अन्तर्राष्ट्रिय सम्बन्ध, वैदेशिक नीतिका छवि अरूले कोरिदिने चित्र मात्र होइन, यो त हामी आफैँले विश्वलाई सुनाउने हाम्रो कथा हो। जबसम्म हामीले आफ्ना सफलताका कथा गौरवका साथ आफैँ भन्न सक्दैनौँ, राष्ट्रियतामा गौरव गर्न सक्दैनौँ तबसम्म विश्वले हामीलाई अरूकै अधुरो र भ्रमपूर्ण चस्माबाट हेरिरहने छ।





युवराज अधिकारी

एक्काइसौँ शताब्दीको विश्व राजनीतिमा कुनै पनि देशको शक्ति केवल उसको सैन्य बल वा आर्थिक सूचकाङ्कमा मात्र मापन गरिँदैन। वर्तमान युगमा (सफ्ट पावर) अर्थात् आफ्नो विचारधारा, संस्कृति र छविका माध्यमबाट अरूलाई प्रभावित पार्न सक्ने क्षमता नै वास्तविक शक्ति हो भन्ने यथार्थता उजागर भइसकेको छ। यस्तो शक्ति निर्माणको सबैभन्दा ठुलो माध्यम भनेको विश्वव्यापी सञ्चार माध्यम हुन्। अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले राष्ट्रहरूको भौगोलिक सिमानालाई मात्र होइन, उनीहरूको पहिचान र अस्तित्वलाई समेत पुनर्परिभाषित गरिरहेका छन्। नेपाल जस्ता देश र भूराजनीतिक रूपमा संवेदनशील राष्ट्रका लागि बाह्य सञ्चार माध्यमले निर्माण गर्ने भाष्य (न्यारेटिभ्स) हरू नै अन्तर्राष्ट्रिय स्तरमा देशलाई हेर्ने र बुझ्ने मुख्य आँखीझ्याल बनेका छन्। विडम्बनाको कुरा के छ भने, विश्वव्यापी सञ्चार माध्यमको यो (लेन्स) सधैँ स्वच्छ र निष्पक्ष हुँदैन, यसमा प्रायः शक्तिशाली राष्ट्रहरूको स्वार्थ र बजार मागको रङ्ग मिसिएको हुन्छ। उनीहरूले चाहे अनुसार भाष्य, व्याख्या, विवशता र व्यवस्था निर्माण गरिदिएका हुन्छन्।

ऐतिहासिक विरासत र चित्रणको कैदमा नेपालको अन्तर्राष्ट्रिय छविको निर्माण प्रक्रियालाई बुझ्न केही दशक पछाडि फर्कनुपर्ने हुन्छ। पश्चिमी अन्वेषक, पर्वतारोही र लेखकहरूले नेपाललाई एक आध्यात्मिक केन्द्र, सगरमाथाको देश र कहिल्यै कसैको उपनिवेश नभएको बहादुर गोर्खालीको भूमिका रूपमा चित्रित गरे। यो चित्रणले नेपाललाई विश्वमाझ एउटा विशिष्ट पहिचान त दिलायो तर यसको एउटा नकारात्मक पक्ष पनि रह्यो। यसले नेपाललाई एक आधुनिक र प्रगतिशील राष्ट्रका रूपमा भन्दा पनि एउटा स्थिर सांस्कृतिक अवशेषका रूपमा स्थापित गरिदियो। विश्वव्यापी मिडियाले नेपाललाई सधैँ हिमाल, गुम्बा र परम्परागत जीवनशैलीको घेराभित्र मात्र देख्न चाह्यो र आफ्ना मिडियामा सोही विषयलाई मात्र परिस्कृत गरिरह्यो। यसले नेपालको राजनीतिक चेतना, लोकतान्त्रिक सङ्घर्ष र आर्थिक विकासका आकाङ्क्षा बाह्य संसारका लागि सधैँ ओझेलमा पारिरहे। नेपाल केवल पर्यटकका लागि घुम्ने ठाउँ मात्र हो, यहाँका मानिसको आफ्नै कूटनीतिक, राजनीतिक र आर्थिक एजेन्डा छन् भन्ने विश्वव्यापी भाष्यमा कहिल्यै प्राथमिकतामा पारेन।

अन्तर्राष्ट्रिय सञ्चार माध्यममा नेपालको उपस्थिति घटना प्रधान (एपिसोडिक) मात्र हुने गरेको छ। यसको अर्थ यो हो कि नेपालमा जब कुनै ठुलो विपत् आउँछ वा राजनीतिक उथलपुथल हुन्छ, तब मात्र विश्वका ठुला समाचार संस्थाहरूको क्यामेरा नेपालतिर सोझिन्छ। विशेष गरी सन् २०१५ को विनाशकारी भूकम्पका बेला नेपालले पाएको विश्वव्यापी कभरेज र युवापुस्ता (जेनजी) आन्दोलनको समयमा भएका अन्तर्राष्ट्रिय सञ्चार माध्यमको उपस्थिति यसका ज्वलन्त उदाहरण हुन्। उक्त समयमा नेपालको मानवीय पक्षलाई उजागर त गरियो तर त्यससँगै नेपाललाई एउटा सधैँ सहायताको पर्खाइमा रहेको कमजोर भ्रष्टाचार मात्र हुने राष्ट्रका रूपमा चित्रितसमेत गरियो। सञ्चारशास्त्रमा यसलाई डिजास्टर पोर्नोग्राफीको एक रूप मानिन्छ, जहाँ सङ्कट र पीडालाई बढी प्राथमिकता दिइन्छ ताकि दर्शकको सहानुभूति बटुल्न सकियोस्। यसले गर्दा विश्व समुदायमा नेपालको छवि एक अक्षम र परनिर्भर देशका रूपमा निर्माण भएको छ। भूकम्पपछि नेपालले गरेको पुनर्निर्माण, स्थानीय समुदायको लचिलोपन र आफ्नै स्रोतसाधनबाट उठ्ने प्रयासलाई अन्तर्राष्ट्रिय मिडियाले निकै कम स्थान दिएको पाइन्छ। फलस्वरूप, विश्वव्यापी लगानीकर्ता र कूटनीतिज्ञमा नेपाललाई हेर्ने दृष्टिकोण जोखिमपूर्ण मात्र रहन गयो, जसले गर्दा प्रत्यक्ष वैदेशिक लगानी र दीर्घकालीन साझेदारीमा असर पुगिरहेको छ। उनीहरूले मात्र होइन नेपाली केही मिडियाले समेत यथार्थपरक भन्दा एपिसोडिक प्रचारबाजीलाई थप मलजल गर्ने गरेको पाइन्छ।

नेपालको अन्तर्राष्ट्रिय छविलाई प्रभावित पार्ने अर्को प्रमुख पक्ष भनेको यसको भौगोलिक अवस्थिति हो। अन्तर्राष्ट्रिय मिडियाले नेपाललाई सधैँ भारत र चीनको चस्माबाट मात्र हेर्ने प्रयास गर्छन्। अधिकांश रिपोर्टिङमा नेपाललाई एउटा स्वतन्त्र पात्रभन्दा पनि दुई ठुला शक्ति राष्ट्रबिचको एउटा मञ्चका रूपमा प्रस्तुत गरिन्छ। जब नेपालले आफ्नो हितका लागि कुनै वैदेशिक सम्झौता वा कूटनीतिक पहल गर्छ, तब विश्वव्यापी सञ्चार माध्यमले त्यसलाई तुरुन्तै चीनको प्रभाव वा भारतको रणनीतिक चिन्तासँग जोडेर व्याख्या गर्ने गर्छन्।

यस्तो फ्रेमिङले नेपालको रणनीतिक स्वायत्तता र सार्वभौम निर्णय प्रक्रियालाई बेवास्ता गरिरहेको हुन्छ। जसले गर्दा नेपालको आफ्नै परराष्ट्रनीति र यसले विश्व शान्ति वा क्षेत्रीय स्थिरतामा खेल्न सक्ने भूमिकालाई गौण बनाइदिन्छ। नेपालको अन्तर्राष्ट्रिय छवि एउटा असुरक्षित मध्यवर्ती राज्यको रूपमा मात्र सीमित हुन पुगेको अनुभव हुन्छ। हामीले बुझ्नुपर्ने कुरा के छ भने, सञ्चार माध्यमले गर्ने यस्ता चित्रणले कतिपय अवस्थामा अन्तर्राष्ट्रिय कूटनीतिक टेबलमा नेपालको बार्गेनिङ पावरलाई समेत कमजोर बनाइरहेको हुन्छ, जुन अहिले हामीले नेपालका उच्चस्तरीय वैदेशिक भ्रमणमा हुने व्यवहारले यसलाई संसारभर उजागर गरिसकेको छ। अहिलेको विश्वमा जलवायु परिवर्तन एक प्रमुख मुद्दा हो र यसमा नेपालको चर्चा अनिवार्य हुनुपर्ने हो। हिमाली देश हुनुको नाताले नेपाल जलवायु परिवर्तनको असर पर्ने राष्ट्रको अग्रपङ्क्तिमा छ। अन्तर्राष्ट्रिय मिडियाले नेपाललाई जलवायु परिवर्तनको पीडितका रूपमा धेरै प्रस्तुत गरेका छन्। हिमाल पग्लिरहेको, हिमताल विस्फोटको खतरा बढेको र जैविक विविधता सङ्कटमा परेका समाचारले विश्वव्यापी ध्यान त खिचेका छन्, तर यो भाष्य अधुरै छ। नेपाल केवल पीडित मात्र होइन, यो संरक्षणको क्षेत्रमा एक सफल मोडल हुन सक्ने कुरा देखाइँदैन ओझेलमै राखिन्छ। सामुदायिक वन व्यवस्थापनमा नेपालले हासिल गरेको सफलता, शून्य कार्बन उत्सर्जनको प्रतिबद्धता र स्थानीयस्तरमा गरिएका अनुकूलनका प्रयास विश्वका लागि अनुकरणीय हुनुपर्नेमा विश्वव्यापी सञ्चार माध्यमले यी सफलताका कथालाई विरलै स्थान दिन्छन्। जबसम्म हामीलाई केवल पीडितका रूपमा मात्र देखाइन्छ, तबसम्म हामीले जलवायु वित्त र अन्तर्राष्ट्रिय नीति निर्माणमा जति प्रभावकारी भूमिका हुनुपर्ने हो त्यो गर्न सक्दैनौँ।

परम्परागत सञ्चार माध्यमको एकाधिकार र नकारात्मक चित्रणलाई चुनौती दिने एउटा नयाँ शक्ति उदय भएको छ, त्यो हो डिजिटल मिडिया र सामाजिक सञ्जाल। आज संसारका जुनसुकै कुनामा रहेका नेपालीले नेपालको वास्तविक छवि विश्वमाझ पस्किरहेका छन्। एउटा पदयात्रीले खिचेको नेपालको सुन्दर भिडियो वा विदेशमा रहेका नेपाली वैज्ञानिकले गरेको प्रगतिले नेपालको ब्रान्ड भ्यालु बढाउन ठुलो मद्दत गरेको छ। नेपाली डायस्पोरा (प्रवासी नेपाली) अहिले नेपालको अघोषित कूटनीतिज्ञका रूपमा उभिएका छन्। उनीहरूले अन्तर्राष्ट्रिय सञ्चार माध्यमका भ्रमपूर्ण समाचारलाई सामाजिक सञ्जालमार्फत प्रतिवाद गर्ने र नेपालका सकारात्मक पक्षहरूलाई उजागर गर्ने काम गर्नुपर्ने अपरिहार्य रहेको छ। सूचना प्रविधिको क्षेत्रमा नेपाली युवाले गरिरहेको प्रगतिले नेपाल केवल हिमालको देश मात्र होइन, यो त प्रतिभा र नवप्रवर्तनको भूमि पनि हो भन्ने सन्देश दिन जरुरी छ। यो डिजिटल लहरलाई राज्यले व्यवस्थित रूपमा प्रयोग गर्न सकेमा बाह्य मिडियाको नकारात्मक प्रभावलाई धेरै हदसम्म कम गर्न सकिन्छ। अन्तर्राष्ट्रिय मिडियाकै कारण नेपालको वैदेशिक नीति यो वा त्यो बहानामा धूमिल बनिरहेको छ र उनीहरूले नेपालका छिमेकी देश भारत र चीनसँगको सम्बन्धको संवेदनशीलतलाई ख्याल गरेको देखिँदैन। अन्तर्राष्ट्रिय सञ्चार माध्यमले नेपाललाई कुन लेन्सबाट हेर्छ भन्ने कुरा धेरै हदसम्म हाम्रो आफ्नै रणनीतिमा निर्भर गर्छ। अहिलेसम्म नेपालको कूटनीति प्रतिक्रियात्मक मात्र रह्यो। अर्थात् कसैले गलत समाचार लेखेपछि मात्र स्पष्टीकरण दिने परिपाटी बस्यो। अब हामी सक्रिय हुनुपर्ने बेला आएको छ। हामीले हाम्रा सफ्ट पावरका स्रोत पहिचान गरी तिनलाई विश्वव्यापी बनाउनु पर्छ। संयुक्त राष्ट्रसङ्घको शान्ति मिसनमा नेपालको भूमिका, हाम्रा गौरवशाली संस्कृति, प्राकृतिक विविधता र युवा पुस्ताको डिजिटल क्षमतालाई एकीकृत गरी एउटा बलियो नेसनल ब्रान्डिङ गरिनु पर्छ। सरकारी निकाय, नागरिक समाज र सञ्चारकर्मीले मिलेर नेपालका वास्तविक र सकारात्मक कथालाई अन्तर्राष्ट्रिय सञ्चार माध्यमसम्म पुऱ्याउन पुलको काम गर्नु पर्छ। कुनै पनि देशको अन्तर्राष्ट्रिय सम्बन्ध, वैदेशिक नीतिका छवि अरूले कोरिदिने चित्र मात्र होइन, यो त हामी आफैँले विश्वलाई सुनाउने हाम्रो कथा हो। जबसम्म हामीले आफ्ना सफलताका कथा गौरवका साथ आफैँ भन्न सक्दैनौँ, राष्ट्रियतामा गौरब गर्न सक्दैनौँ तबसम्म विश्वले हामीलाई अरूकै अधुरो र भ्रमपूर्ण चस्माबाट हेरिरहने छ। नेपालको वास्तविक र शक्तिशाली पहिचान स्थापित गर्न आफ्नै मौलिक भाष्य निर्माण गर्नु नै आजको प्रमुख कार्य हो।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## इरानले इजरायलमा क्षेप्यास्त्र प्रहार गरेपछि क्षेत्रीय तनाव उच्च स्तरमा



***तेल अभिव (इजरायल), फागुन १६ गते ।*** इरानले शनिबार इजरायली क्षेत्रमा क्षेप्यास्त्र प्रहार गरेको छ । उक्त आक्रमणले मध्यपूर्वमा बढ्दो तनावलाई नयाँ उच्चस्तरमा पुर्याएको छ । इजरायली रक्षा बल (आइडिएफ) ले प्रहार पुष्टि गर्दै आफ्नो मिसाइल रक्षा प्रणाली सक्रिय गरेको र प्रभावित क्षेत्रका नागरिकलाई तत्काल आश्रय लिन मोबाइल अलर्टमार्फत निर्देशित गरिएको बताएको छ । आइडिएफले भनेको छ, "केही समयअघि हामीले इरानबाट प्रहार भएका क्षेप्यास्त्र पहिचान गरेका थियौँ । जोखिम रोक्न रक्षात्मक प्रणाली सञ्चालनमा छन् ।" यो घटना क्षेत्रमा बढ्दो सैन्य तनाव र इरान र अन्य देशबीच हप्तौँसम्म चलिरहेको उच्च-जोखिम आणविक वार्ताको बिचमा भएको हो । प्रत्यक्ष आक्रमणको पूर्ण दायरा अझै मूल्याङ्कन भइरहेको भए पनि यसले दुई देशबिच व्यापक द्वन्द्वमा महत्त्वपूर्ण प्रतिशोधात्मक कदमको सङ्केत गरेको विश्लेषकले बताएका छन् । भारत सरकारले आफ्नो नागरिकलाई अत्यधिक सावधानी अपनाउन, घरभित्रै रहन र अनावश्यक गतिविधिबाट बच्न चेतावनी दिएको छ । तेहरानस्थित भारतीय दूतावासले पहिले नै सुरक्षा सल्लाह जारी गर्दै आवश्यक अवस्थामा ओमान वा अन्य सुरक्षित देशतर्फ यात्रा गर्न सुझाएको छ । यसैबिच, इजरायलले देशव्यापी आपतकाल घोषणा गरी अस्पताल भूमिगत सार्न र साइरन सक्रिय गर्न आदेश दिएको छ । इरान, इजरायल र इराकले आफ्ना हवाई क्षेत्र बन्द गरेका छन् भने सबै व्यावसायिक उडान स्थगित भएका छन् । इरानका अधिकारीले अघिल्लो दिन इजरायल र अमेरिकाद्वारा सुरु गरिएको संयुक्त सैन्य आक्रमणको जवाफमा 'क्रूर प्रतिक्रिया' दिने चेतावनी दिएका थिए । इजरायलले रोइङ लायन नामक संयुक्त अपरेसनमार्फत इरानको सेना, मिसाइल उत्पादन सुविधा र सर्वोच्च नेता आयातुल्लाह अली खामेनीको कार्यालय नजिकका क्षेत्रलाई लक्षित गरेको थियो ।

प्रत्यक्षदर्शीले तेहरानमा शक्तिशाली विस्फोट सुनेको बताएका छन, र राजधानीका धेरै साइटमा तनाव बढेको छ । वर्तमान परिस्थितिले व्यापक क्षेत्रीय द्वन्द्वको डर बढाएको छ र अन्तर्राष्ट्रिय समुदायले नजिकबाट निगरानी राखिरहेको छ।

## कांग्रेस...

"गाडिदिन्छु, हान्दिन्छु, जलाइदिन्छु" जस्ता उत्तेजक अभिव्यक्तिहरू भाइरल हुने तर मिलाउने र सम्हाल्ने प्रयास भने पर्याप्त प्रचार नपाउने तर्क राख्दै, मिलाउने र सुधार गर्ने काम अहिले देशका लागि अत्यावश्यक रहेको बताए।

उनले आगामी पाँच वर्षलाई नेपालको इतिहासकै सबैभन्दा स्वर्णिम समय बनाउन प्रतिवद्धता जनाउँदै, दिनको १८-२० घण्टा काम गरेर युवालाई स्वदेशमै गौरव गर्ने वातावरण बनाउने योजना सार्वजनिक गरे। थापाले सामाजिक सञ्जालमा भइरहेको पुरानो-नयाँ विवादमा नअल्झन र वास्तविक मुद्दा र काम गर्ने क्षमतामा ध्यान दिन जनता आग्रह गरे।

कार्यक्रममा उनले उद्योग र लगानीका विषयमा पनि स्पष्ट संकेत दिएका थिए। "हामी लगानीका लागि अनुकूल वातावरण बनाउँछौं। यहाँ पैसा कमाउन आएर नाफा कमाएपछि बाधा पुर्याउने व्यवस्था छैन, त्यसैले लगानी आउन सक्ने अवस्था सिर्जना गरेका छौं," उनले भने। थापाले आगामी निर्वाचनमा बाराको चारै निर्वाचन क्षेत्रमा कांग्रेस उम्मेदवारलाई विजयी गराइ स्पष्ट बहुमतसहित सरकार बनाउन अपील गर्दै भने, "शम्भु बहादुर बुढाथोकी (क्षेत्र नं. १), भैयाराम यादव (क्षेत्र नं. २), फरमुल्लाह मंसुर (क्षेत्र नं. ३), श्यामबाबु गुप्ता (क्षेत्र नं. ४) लाई विजयी गराएर सरकार बनाउन सहयोग गर्नुहोस्।"

सभामा क्षेत्रीय सभापति सुनिल गुप्ताको अध्यक्षतामा फरमुल्लाह मंसुर, श्यामबाबु गुप्ता, संविधान सभा सदस्य शुभाकर पाराजुली, कांग्रेस बाराका उप-सभापति मनोज भट्ट, अमिरि पाल, रामानन्द यादव लगायतका नेता उपस्थित थिए। थापाले पर्साको विरगंज, बाराको प्रसौनी र कोल्हबीमा पनि अभियानका क्रममा सम्बोधन गर्दै आगामी निर्वाचनलाई विकास र पारदर्शिताको अवसरका रूपमा प्रयोग गर्न अपील गरेका छन्।

यस क्रममा उनले २०७८ सालको संविधान र लोकतान्त्रिक प्रणालीको संरक्षणलाई जोड दिँदै, "नेपालमा फेरि हिंसात्मक घटनाहरू नदोहोरियोस्, गोलिले युवा मार्न नपाओस् र कुनै व्यक्ति मुखुण्डो लगाएर सरकारी सम्पत्ति जलाउन नआओस्" भन्दै सुरक्षा र शान्ति सुनिश्चित गर्न पनि जोड दिएका छन्। थापाको सभाले पारदर्शिता, जवाफदेहिता र विकासमुखी राजनीतिक एजेण्डालाई केन्द्रमा राख्दै कांग्रेसको चुनावी अभियानलाई थप बल प्रदान गर्ने अपेक्षा गरिएको छ।

## होली...

स्थानमा असभ्य व्यवहार प्रदर्शन गर्ने कार्य नियन्त्रण गरिने जनाएको छ। विशेष गरी बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा पैदल यात्रुलाई लक्षित गरी हुने दुर्व्यवहार र करकापका घटनाप्रति प्रहरी सचेत रहेको जनाएको छ। सामाजिक सञ्जालमा भ्रम फैलाउने, उत्तेजना सिर्जना गर्ने वा सामाजिक सद्भाव खल्बल्याउने सामग्री पोस्ट नगर्न समेत आग्रह गरिएको छ।

होलीको अवसरमा ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन नियम उल्लंघन गर्ने सवारी चालकलाई कारबाही गरिने प्रहरीले जनाएको छ। साथै गाँजा, भाङ लगायत नशालु पदार्थको सेवन तथा बिक्री वितरणमा पूर्ण निगरानी गरिने र उल्लंघन गरे कानुनी कारबाही हुने चेतावनी दिइएको छ। आसन्न प्रतिनिधिसभा निर्वाचनलाई मध्यनजर गर्दै निर्वाचन आचारसंहिताको पालना गर्न राजनीतिक दल तथा कार्यकर्तालाई समेत प्रहरीले आग्रह गरेको छ। जिल्ला प्रशासन कार्यालय बाराले यसअघि नै मतपरिणाम घोषणा नभएसम्म मादक पदार्थको बिक्री वितरणमा प्रतिबन्ध लगाइसकेको छ। कुनै पनि शंकास्पद वा अवाञ्छित गतिविधि देखिएमा तुरुन्त नेपाल प्रहरीको हटलाइन नम्बर १०० वा जिल्ला प्रहरी कार्यालय बाराको ९८५५०४५१०१ मा जानकारी गराउन प्रहरीले अनुरोध गरेको छ।

## पूर्व मुख्यमन्त्री...

परवानीपुर गाउँपालिका लगायत दक्षिणी बेल्टमा पार्टी एकीकरणपछि जसपा नेपाल अझ सशक्त बनेको नेताहरूको दाबी छ। पूर्व मुख्यमन्त्री सोनलले नयाँ राजनीतिक शक्तिहरूमाथि संघीयता विरोधी सोच बोकेको आरोप लगाउँदै केन्द्रीकृत शासन प्रणाली लाद्ने प्रयास भइरहेको टिप्पणी गरे।

मधेशी समुदायमा जसपा नेपालप्रति गहिरो विश्वास कायम रहेको उल्लेख गर्दै सोनलले विभिन्न हल्ला र प्रचारका बाबजुद जमिनस्तरमा पार्टीको चुनाव चिन्ह 'छाता'को जित निश्चित रहेको दाबी गरे।

जसपा नेपालले निर्वाचन क्षेत्र नं. ४ मा घरदैलो अभियानलाई थप विस्तार गर्दै चुनावी माहोल आफ्नो पक्षमा पार्ने रणनीतिसहित अभियानलाई निरन्तरता दिएको जनाएको छ।

## रौतहट...

र विकासको अवसर दिन आग्रह गर्नुभएको छ। उहाँले आफ्ना पूर्वनिर्धारित योजनाहरू पुरा गर्ने, सामाजिक समावेशी विकास, पूर्वाधार विस्तार, रोजगारी सिर्जना, शिक्षा र स्वास्थ्य सेवामा सुधार ल्याउने प्रतिवद्धता जनाउनुभयो।

स्थानीय परिवारका जुझारु युवा, समाजसेवी र निडर नेताप्रति जनताको सकारात्मक रुझान देखिएको छ। घरदैलो अभियानमा देखिएको उत्साह, विश्वास र सक्रिय सहभागिताले राजकुमार दासको चुनावी विजय सुनिश्चित हुने दाबीलाई थप बलियो बनाएको छ। विश्रामपुरबाट सुरु भएको अभियानले करिब सम्पूर्ण क्षेत्रभरि विस्तार हुँदै जनताको विश्वास र उत्साहको बलमा परिवर्तन र विकासको संदेश प्रवाह गरिरहेको छ। जनस्तरमा देखिएको व्यापक समर्थनले राजकुमार दासको नेतृत्वमा क्षेत्रको उज्ज्वल भविष्य सुनिश्चित हुने अपेक्षा गरिएको छ।

## त्रिभुवन...

भएका छन्। विमानस्थल प्रशासनले समस्या समाधानका लागि आवश्यक कदम चालिरहेको र यात्रुहरूलाई नियमित जानकारी प्रदान गरिरहने जनाएको छ।

यो निर्णय सुरक्षा, अन्तर्राष्ट्रिय नियम-कानुनको पालन र उडान सञ्चालनको व्यवस्थित व्यवस्थापनका लागि आवश्यक भएको बताइएको छ। विमानस्थल प्रशासनले यात्रुहरूलाई संयमित रहन र केवल आधिकारिक सूचना र वायुसेवा कम्पनीमार्फत मात्र जानकारी लिन सुझाएको छ।

विशेष गरी आजको दिनका लागि रद्द भएका उडानका यात्रुहरूले आफ्नो टिकट र यात्रा पुनः व्यवस्थित गर्न एयरलाइनसँग प्रत्यक्ष सम्पर्क गर्नु पर्ने अवस्था रहेको छ। आगामी दिनहरूमा उडान पुनः सञ्चालन हुनेबारे थप जानकारी सार्वजनिक गरिने बताइएको छ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।









# महागढीमाईको पिप्राविर्तामा भैयाराम यादवको घर दैलो अभियान तीव्र, व्यापक जनसमर्थनको दाबी

***संवाहक सम्वादाता**-१६फागुन, कलैया*

बारा निर्वाचन क्षेत्र अन्तर्गत नेपाली कांग्रेसका उम्मेदवार भैयाराम यादवले महागढीमाई नगरपालिका-९ स्थित पिप्रावर्तामा घरदैलो अभियानलाई जोरशोरका साथ अघि बढाएका छन्। अभियानका क्रममा स्थानीय बासिन्दाको उल्लेखनीय सहभागिता देखिएको तथा व्यापक जनसमर्थन प्राप्त भएको दाबी गरिएको छ।



घरदैलो कार्यक्रमअन्तर्गत उम्मेदवार यादव मतदाताको घरघरमा पुगेर प्रत्यक्ष भेटघाट गर्दै क्षेत्रको विकास, शिक्षा, स्वास्थ्य, रोजगारी तथा आधारभूत पूर्वाधार विस्तारका विषयमा आफ्ना योजनाहरू प्रस्तुत गरिरहेका छन्। स्थानीयसँग संवाद गर्दै उहाँले जनताको अपेक्षा र सुझावलाई प्राथमिकताका साथ समेटेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

अभियानमा महागढीमाई नगरपालिकाका नगरप्रमुख उपेन्द्र यादव समेत सक्रिय रूपमा सहभागी हुँदै सम्पूर्ण शक्ति परिचालन गरेर कांग्रेस उम्मेदवारलाई जिताउन मतदाताको घरदैलोमा पुग्नुभएको छ। मेयर यादवले कांग्रेसभित्र कुनै असन्तुष्टि वा अन्तर्घात (अनमन) नरहेको दाबी गर्दै पार्टी एकढिक्का भएर चुनावी मैदानमा उत्रिएको बताउनुभयो।

उम्मेदवार भैयाराम यादवले जनताको उत्साहजनक सहभागिताले आफू थप हौसिएको उल्लेख गर्दै मतदाताहरू परिवर्तन र विकासको पक्षमा मतदान गर्न आतुर रहेको विश्वास व्यक्त गर्नुभएको छ। उहाँले लामो समयदेखि सामाजिक क्षेत्रमा सक्रिय रहँदै विभिन्न सामाजिक तथा सामुदायिक कार्यमार्फत जनतासँग नजिकको सम्बन्ध बनाएको पनि बताइएको छ।

स्थानीय बासिन्दाले पनि सामाजिक योगदान र जनतासँगको निरन्तर सम्बन्धका कारण भैयाराम यादवप्रति सकारात्मक धारणा रहेको प्रतिक्रिया दिएका छन्। घरदैलो अभियानका क्रममा देखिएको सहभागिता र समर्थनले पिप्रावर्ता क्षेत्रमा चुनावी माहोल थप तातेको स्थानीयहरूको भनाइ छ।

चुनावी टोलीका अनुसार आगामी दिनहरूमा महागढीमाई नगरपालिकाका अन्य वडाहरूमा समेत अभियानलाई थप सशक्त बनाउँदै लैजाने योजना रहेको छ।

# कृष्णकुमार श्रेष्ठ "किसान"को अभियान तीव्र, बारा ४ मा घरदैलो र पार्टी प्रवेशले बढ्दो जनलहर

***संवाहक सम्वादाता**-१६फागुन, कलैया*

प्रतिनिधिसभा निर्वाचन अन्तर्गत बारा निर्वाचन क्षेत्र नं. ४ मा नेकपा एमालेका उम्मेदवार कृष्णकुमार श्रेष्ठ (किसान) ले चुनावी प्रचार-प्रसारलाई तीव्र बनाएका छन्। घरदैलो अभियान, जनभेटघाट, पार्टी प्रवेश तथा रणनीतिक कार्यक्रममार्फत उनी पुनरागमनको तयारीमा केन्द्रित देखिएका छन्।



निर्वाचन क्षेत्र नं. ४ का विभिन्न गाउँ-टोलमा सञ्चालन भइरहेको घरदैलो अभियानमा श्रेष्ठले मतदातासँग प्रत्यक्ष संवाद गर्दै स्थानीय समस्या, विकासका आवश्यकता र जनअपेक्षा बुझिरहेका छन्। उनले विगतमा सुरु भएका विकास योजनालाई निरन्तरता दिने तथा अधुरा आयोजना सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्दै मतदातासँग विश्वासको सम्बन्ध मजबुत बनाउने प्रयास गरिरहेका छन्।

अभियानका क्रममा विभिन्न राजनीतिक दल परित्याग गरी स्थानीय नेता, युवा तथा समाजसेवीहरू नेकपा एमालेमा प्रवेश गर्ने क्रम बढेको पार्टीले जनाएको छ। पार्टी प्रवेश कार्यक्रमले संगठन विस्तारसँगै चुनावी माहोल एमालेतर्फ आकर्षित हुँदै गएको दाबी गरिएको छ।

एमालेले निर्वाचन क्षेत्र नं. ४ लाई लक्षित गर्दै टोलस्तरीय भेला, युवा-महिला केन्द्रित अन्तरक्रिया, मतदाता संवाद तथा प्रचारात्मक कार्यक्रमलाई योजनाबद्ध रूपमा सञ्चालन गरिरहेको छ। प्रचार व्यवस्थापनका लागि वडा तहसम्म संयोजन समिति गठन गरी अभियानलाई प्रभावकारी बनाइएको बताइएको छ।

उम्मेदवार श्रेष्ठले कृषि विकास, रोजगारी सिर्जना, सडक तथा भौतिक पूर्वाधार विस्तार, शिक्षा र स्वास्थ्य सेवाको पहुँच सुधारलाई मुख्य चुनावी एजेण्डा बनाएका छन्। "स्थायित्व, विकास र सुशासन" लाई आधार बनाएर आफू पुनः जनप्रतिनिधिका रूपमा फर्किने विश्वास उनले व्यक्त गर्दै आएका छन्। स्थानीय स्तरमा बढ्दो जनसहभागिता, सक्रिय घरदैलो अभियान र पार्टी प्रवेशको लहरसँगै निर्वाचन क्षेत्र नं. ४ मा चुनावी गतिविधि थप तातिएको राजनीतिक वृत्तको विश्लेषण छ।

# कांग्रेस सभापति गगन थापाद्वारा बारामा चुनावी सभा: सरकार गठनसँगै शक्तिशाली आयोग र सम्पत्ति छानबिनको प्रतिबद्धता

***संवाहक सम्वादाता**-१६फागुन, कलैया*

नेपाली कांग्रेसका सभापति गगन थापाले बाराको प्रसौनी बजारमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै आगामी चुनावपछि कांग्रेसको सरकार बन्नासाथ शक्तिशाली आयोग गठन गर्ने र सबैभन्दा पहिले पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा तथा दोस्रोमा आफ्नो सम्पत्ति छानबिन गरिने बताएका छन्।




सभामा थापाले भने, "पूर्व प्रधानमन्त्री, मन्त्रीहरू लगायत सबैको छानबिन हुने छ। यसले पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नेछ।" उनले वर्तमान राजनीति र सामाजिक सञ्जालमा देखिने नकारात्मक प्रवृत्तिका बारेमा चिन्ता व्यक्त गर्दै, समाजलाई विभाजित गर्ने होइन, सहमति र एकताको आवश्यकता रहेको बताए। थापाले चुनावी माहोलमा प्रचलित

बाँकी तेस्रो पृष्ठमा

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सातवटा अन्तर्राष्ट्रिय उडान रद्द

काठमाडौं, फागुन १६ – आज शनिबार विभिन्न अन्तर्राष्ट्रिय विमानस्थलमा उडानमा प्रतिबन्ध लागेपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सातवटा प्रमुख अन्तर्राष्ट्रिय उडान रद्द भएका छन्। प्रभावित उडानहरूमा सारजहा, दोहा, दुबई, कुवेत सिटी, अबुधाबी, कतार र दमाम विमानस्थल जाने सबै उडान समावेश छन्।



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक टेकनाथ सिटौलाले जानकारी दिनुभयो कि "उक्त अन्तर्राष्ट्रिय विमानस्थलहरूमा जारी प्रतिबन्धका कारण आज दिउँसो र राति हुने सबै उडान रद्द गरिएको छ। उडानहरू कहिले पुनः सञ्चालन हुने भन्नेबारे अर्को निर्णय आएपछि यात्रुलाई जानकारी गराइनेछ।"

महाप्रबन्धक सिटौलाले यात्रुहरूलाई आग्रह गर्नुभयो कि आफ्नो उडानका लागि विमानस्थल आउँदा अघि सम्बन्धित वायुसेवा कम्पनीसँग सम्पर्क गरेर मात्रै यात्रा गर्नुहोस्। यसले अनावश्यक समय खर्च, असुविधा र यात्रा रद्द हुने समस्याबाट बच्न सहयोग पुऱ्याउनेछ।

यस प्रतिबन्धका कारण अन्तर्राष्ट्रिय उडानमा रहेका यात्रुहरूमा व्यापक असर परेको छ। कतिपय यात्रुहरू लामो समय विमानस्थलमा रोकिएका छन् भने कतिपयले यात्रा योजना पुनः व्यवस्थापन गर्न बाध्य

बाँकी तेस्रो पृष्ठमा











## जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

## जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"

जीतपुरसिमरा उपहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।